# बजेट बक्तव्य

## आ व २०८०।०८१

## प्रस्तुतकर्ता

## श्री तक्दीर लामा

## उपाध्यक्ष

नाम्खा गाउँपालिका, याल्वाङ हुम्ला

मिति २०८०।३।१०



प्रमुख प्रशासकिय अधिकृत

प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

गाउँसभाका सभाध्यक्षज्यू
निमित्त प्रमुख प्रशासकीय अधिकृतज्यू
उपस्थित गाउँसभाका सदस्यज्यूहरु
कर्मचारी साथीहरु

आज म नाम्खा गाउँपालिकामा स्थानिय सरकारको सदस्यको रुपमा रही यो गरिमामय गाउँसभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्ष विभोर भएको छु । हामी निर्वाचित भएको पनि एक बर्ष पुरा भएको छ । यस एक बर्ष भित्रमा गाउँपालिकाको हित र विकासका निम्ति विभिन्न कार्य सम्पन्न भएका छन् । यस अवधि भित्र भए गरेका विकास निर्माण तथा आगामि बर्षमा सन्चालन गर्नु पर्ने सवै कार्यक्रमहरु लिखित दस्तावेजका रुपमा ल्याइ उपस्थित भई यो सम्मानीत सभामा सवै नीति संग सम्वन्धित नीतिगत विषयवस्तु तथा आगामी वर्षको लागि वजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति माग्न चाहान्छु ।

सर्वप्रथम म, देशलाई यस स्थितिमा ल्याइ पुर्याउनका लागि आफ्नो प्राण आहुति दिने महान सहिदहरु र जनयुध्द र जनआन्दोलनद्धारा गणतन्त्र तथा संघीय व्यवस्था स्थापना गर्ने महान नेतागणहरु र सम्पूर्ण ज्ञात अज्ञात व्यक्तिहरुलाइ यस गरिमामय सभाबाट म सम्झना चाहान्छु ।

हाम्रो यस गाउँपालिकलाई समुन्नत गाउँपालिका वनाउन लागिपर्ने तथा सहानुभूति राख्ने र अहोरात खटिने केन्द्रीय र प्रदेशस्तरका माननीय मन्त्रीज्यू, माननीय साँसदज्यूहरु, गाउँपालिका अध्यक्षज्यू, पूर्व अग्रज व्यक्तित्वहरु, निमित्त प्रमुख प्रशासकीय अधिकृतज्यू, सवै वडाका वडाध्यक्षज्यूहरु, स्थानिय नेतागणहरु, कार्यपालिका सदस्यज्यूहरु, विषयगत कर्मचारीज्यूहरु, वडासदस्यहज्यूहरु, समाजका अगुवाज्यूहरु र नागरिक समाज युवा वर्गहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।

अव म यस चालु आ व मा भएका भौतिक उपलब्धी बारे सम्मानीत गाउँसभामा अवगत गराउन चाहान्छु

यस आ व २०७९।०८० को अवधिमा हाम्रो गाउँपालिकाको विकास र उन्नतीका लागि थुप्रै भौतिक विकास निर्माणका आयोजनाहरु सम्पन्न भएका छन् । यसलाई गिन्ती गर्दा यस बर्षमा कुल ८१ आयोजना सम्झौता भएका छन् जसमा २ लाख सम्मका फुटकर आयोजनाहरु ११, २ लाख भन्दा ५ लाख सम्म १४, ५ देखि १० लाख सम्म २६, १० लाख देखि १५ सम्म ५, २० लाख देखि ३० सम्म १२, ३० देखि ५० सम्म ७ , र ५० भन्दा माथिका ५ वटा



नि. प्रमुख प्रशासकीय अधिकृत

प्रेम बहादुर लामा
अध्यक्ष

रहेका छन । २६ वटा आयोजनाहरु सम्पन्न भइ भुक्तानी भएका छन् भने रलिङ विल ४ र पेश्की २ वटा गएका छन् । भने आयोजनाहरु सम्पन्न भई अन्तिम भुक्तानी समेत गइसकेको छ । यस मध्ये २१ वटा भवन ५ सिचाइ खानेपानी ७ स्थानिय सडक ८ खेलमैदान १ घोरेटो बाटो १० गुम्बा ८ उर्जा ५ तडबन्धन ३ संस्कृति प्रवर्धन ८ गेट १ घेरवार ४ पुल ३ फनिचर १ र जलवायु परिवर्तन सम्बन्धी १ आयोजना हरुको नयाँ निर्माण तथा मर्मत सम्भार भएको कुरा यस सम्मानीत सभामा अवगत गराउन चाहान्छु ।

- यसै गरी आर्थिक सामाजिक विकास तर्फ भएका उपलब्धिहरुलाइ प्रस्तुत गर्नु पर्दा

क) स्वास्थ्य तर्फ

स्वास्थ्य चौकीहरुमा कामलाइ छिटो छरितो कार्य सम्पादन गर्न ६ सेट कम्प्यूटर र प्रिन्टर उपलब्ध गराइएको छ । स्वास्थ्य ३ स्थानमा शिविर सन्चालन भएका छन् । ३१ वटा स्वास्थ्यकर्मी तथा जनप्रतिनिधि र जनमानसहरुलाइ विभिन्न सचेतना तालिम सम्पन्न भएका छन् । १० वटा स्वास्थ्य चौकी तथा इकाइहरुमा नियमित औषधी वितरण गरिएको छ । भने हिल्सामा हेल्पडेक्स क्लिनिक सन्चालन गरिएको छ । चार वडा स्वास्थ्य प्रसुति केन्द्रहरुमा वेवि वार्मर मेसिन स्थापना गरिएको छ । यसै गरी गाउँपालिकाभरीका नागरिकको लागि हेपटाइटिस स्क्रिनिङ गरिएको छ र १ देखि ३ वडाका नागरिकहरुको निशुल्क स्वास्थ्य वीमा गरिएको छ । आगामी बर्षमा थप ३ वडामा निरन्तर गरि सवै वडाहरुमा निशुल्क स्वास्थ्य विमा गरिनु का साथै गाउँपालिकालाइ पुर्ण खोप गाउँपालिका घोषणा गर्ने कार्य सम्पन्न गरिएको छ ।

ख) शिक्षा तर्फ

गाउँपालिकास्तरिय विद्यालयका शिक्षक ३५ जनालाइ क्षमता विकास सम्बन्धी ५ दिने तालिम सन्चालन भएको छ । वटा स्थानमा साक्षरता कलास सन्चालन गरिएको छ। सवै विद्यालयमा पाठ्यपुस्तक पुर्याइएको छ, सवै विद्यालयमा ब्रोब्यांक डिभाइस उपलब्ध भएको छ र सर्सत अनुदानका सवै कार्यक्रमहरु सम्पन्न भएका छन् ।

ग) महिला तथा वालवालिका तर्फ

महिला समूहहरु ८ वटा गठन भएका छन् । महिलाहरुलाइ नेतृत्व शसक्तिकरण सम्बन्धी जनचेतनामुलक ५ तालिम सन्चालन गरिएको छन् । अध्यक्ष संग बालबालिका सम्वाद कार्यक्रम यसै वर्षबाट शुरुवात गरी बालवालिकाका आवाज सुनी सामाधान गर्ने पद्धतिको थालनी गरीएको छ ।

घ) कृषि तर्फ

नि. प्रमुख प्रशासकिय अधिकृत

प्रेम बहादुर लामा
अध्यक्ष



Scanned with CamScanner

१ वटा रैथाने तालिम सम्पन्न भएका छन् । ६ वटै वडामा १६ वटा कृषि मेसिन तथा औजारहरु वितरण गरिएको छ । ५ वडाको विभिन्न वस्तीमा विभिन्न जातका ७५०० स्याउ तथा ५००० ओखरको विरुवा वितरण गरिएको छ, ४ उन्नत खाले विउविजन तथा ग्रीन हाउस पाल वितरण गरिएको छ ।

ङ) पशुसेवा तर्फ

२ वटा पशु शिविर सन्चालन गरिएको छ । ५ वटा वडास्तरिय सेवा केन्द्रमा पशु औजार वितरण र १ समीक्षा गोष्ठी सन्चालन भएको छ । भने यसैका साथ विभिन स्थानमा भ्याक्सिनहरु उपलब्ध भई तत्काल पशु महामारीको रुपमा फैलिएक लम्पी स्किन भन्ने सरुवारोगको निधानका लागि प्रयास भइरहेको छ ।यस सरुवा रोगले कृषकका पशुवस्तुहरु धेरै मरेका छन् यसले गाउँपालिकालाइ दुखित बनाएको छ । मलाइ लाग्छ अव छिट्टै नियन्त्रण हुने छ र गाउँपालिका लागिरहेको कुरा जानकारी दिन चाहान्छु ।

घ) उद्यम विकास तर्फ

उद्यमीहरुलाइ सिप विकासको लागि यसै बर्ष यांगारमा सिलाइकटाइ तालिम सम्पन्न गरिएको छ, यसै गरी २ वटा व्यवसायमुलक सम्वन्धी होटेल तालिम सन्चालन गरिएको छ, मुचुमा रहेका अथाह चुली खामुबाट तेल उत्पादन गर्न उद्देश्यले २ वटा मेसिन खरिद गरी मुचुमा पुर्याइएको छ आगामि बर्ष २०८०।०८१ मा पूर्ण रुपमा सन्चालनमा आइ उत्पादनमा सहजता आउनेमा आशा राखिएको छ।

- वातावरणीय उपलब्धिमा भन्नु पर्दा

यस गाउँपालिका वातावरणिय हिसावले स्वच्छ भएकोले वातावरणमा नराम्रो असर पर्न गएको त छैन तापनि आगामी दिनहरुमा वातावरणलाइ जोगाइ राख्न विभिन्न कार्यक्रम संचालन गर्नु पर्ने आवश्यक देखिएको छ ।त्यसलाइ ध्यानमा राख्दै आगामी बर्षको नीति तथा कार्यक्रममा ल्याउने जमर्को गरेका छौं ।

- संस्थागत उपलब्धिलाइ यस सम्मानीत सभामा प्रस्तुत गर्नु पर्दा

विगत पाँच बर्ष सम्म गाउँपालिकाको कार्यालय सिमकोटमा सम्पर्क कार्यालयको रुपमा सन्चालन हुँदै आइरहेकोमा उक्त यस गाउँपालिकाको कार्यालय यसै आर्थिक बर्षमा उक्त सम्पर्क कार्यालय खारेज गरी याल्वाङमा सारी दैनिक प्रशासनिक कामकाज यतैबाट सुचारु गरिएको छ । भने लेखा शाखालाइ पनि आगामी बर्षको शुरुमै याल्वाङमा सारी सवै काम यतैबाट सन्चालन गरिनेछ

प्र.प्रमुख प्रशासकिय अधिकृत



प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

गाउँपालिका कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल

व्यहोरा अवगत गराउन चाहान्छु । गाउँपालिकाबाट गरिने सवै खाले जनसेवालाइ सन्चालन ल्याउन सहज बनाउने उद्देश्यले ३ वटा ऐन र १८ वटा कार्यविधि र १ वटा प्रतिकार्य योजना निर्माण गरिएको छ । यसै बर्ष पहिले पन्चबर्षिय आवाधिक योजना, मध्यकालिन खर्च संरचना, गाउँपालिकाको डिजिटल प्रोफाइल, वातावरण अनुकुलन सन्चालन योजना (लापा) जग्गा वर्गिकरण प्रतिवेदन निर्माण भएका छन् भने अझ अन्य ऐन नियम बनाउँदै सेवालाइ प्रभावकारी र सहज बनाउन सकृय भूमिका निर्वाह गरिरहने कुरामा विश्वस्थ गराउँन चाहान्छु ।गाउँपालिकाको कामलाइ छिटो र छरितो अझ सेवामुखी बनाउन सवै शाखाहरुमा कम्प्यूटरको व्यवस्था गरी गाउँपालिकालाइ आवश्यक पर्ने सफ्टवयरहरुको पनि खरिद गरी सन्चालनमा ल्याउन लागिएको छ । गाउँपालिकामा सन्चारमा इन्टरको सुविधा प्रदान गर्ने उद्देश्यले यसै वर्ष नाम्खा गाउँपालिकालाइ नेपाल टेलिकमको फोर जी टावरको लागि पहल गरी सवै सामानहरु गाउँपालिकामा पुर्याइसकिएको छ । आगामी बर्षको साउन महिना देखि सन्चालनमा ल्यांउने र गाउँपालिकाको केही स्थान वाहेक सवै स्थान बाहेक सवै ठाउँमा इन्टर नेट सेवा सन्चालन हुने छ ।यस गाउँपालिकाको जेष्ट नागरिक र लक्षित वर्गको हितका निम्ती सामाजिक सुरक्षा परिचय पत्र वितरण गर्ने जमर्को गरिएको छ भने वडा न ६ मा शिविर सन्चालन गरी तथ्यांक अध्यावधिक गर्ने कार्य सम्पन्न भएको छ अव आगामी बर्ष २०८०।०८१ मा सवै वडामा सामाजिक सुरक्षा सम्वन्धी तथ्यांक अध्यावधिक गर्ने कार्य हुनेछन् र एक वर्ष सम्म सामाजिक सुरक्षा भत्ता नपाएक लिमिबासीलाइ वैंक र हाम्रा कर्मचारीको सकृयतामा लिमीमै गएर भत्ता वितरण गरिएको कुरा जानकारी दिन चाहान्छु ।

३. हरेक वर्ष हाम्रो नाम्खा गाउँपालिकाले आफ्नो वार्षिक बजेट ल्याउने गरेको छ । यसै शिलसिलामा गाउँपालिका हरेक वर्ष नयाँ नयाँ र परिवर्तनकारी सोंचका साथ अघि बढिरहेको छ । हाम्रो गाउँपालिकाको परिवर्तन वा विकासका निम्ती सवै निकाय संग समन्वय सहकार्य र सहलगानी राखी गाउँपालिकाको बढोत्तर हित र विकास गरी नाम्खावासीको जनजिवनमा परिवर्तन गर्न स्थानिय स्तरकै श्रोत साधनलाइ प्रयोग गरी आयआर्जन र व्यवसायलाइ प्रमुख आधार बनाइ सम्मुन्नत समाजको सृजना गर्ने सोच राखिएको छ ।

यसै गरी हाम्रो लक्ष्य भनेको गाउँपालिकालाइ "शिक्षित नाम्खा स्वालम्वित नाम्खाली" बनाउने लक्ष्य रहेको छ । गाउँपालिकामा प्राप्त हुने बजेट तथा कार्यक्रमबाट अव हरेक नाम्खालीले वेरोगार भएर गरिबि हुनवाट जोगाउने र जिवन स्तरलाइ माथि लक्ष्य लिएको कुरा यस सम्मानित सभामा बताउन चाहान्छु । गाउँपालिकाको उद्देश्यलाइ भन्नु पर्दा यस गाउँपालिकाको भौतिक सामाजिक आर्थिक तथा वातावरणीय विकासको लागि गाउँपालिकाले लिएको लक्ष्य र उद्देश्यलाइ हासिल गर्न केन्द्रीय सरकार र प्रदेश सरकारबाट सर्सत र निसर्त विशेष समपुरक र राजश्व बाँडफाँड वापतको

प्रमुख प्रशासकिय अधिकृत



प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

अनुदान प्रदान हुँदै आइरहेको छ ।यसैको लगानीबाट हरेक समस्या बाधाहरुको समाधान गरी गाउँपालिकाबासीलाइ सुखी सम्वृद्धि बनाउने र सबै नागरिकका समस्यालाइ सहज रुपमा समाधानका लागि सदैव केन्द्रीत भइ नागरिकको बढोत्तर हितका निम्ती प्रभावकारी सेवा प्रवाह गरी गाउँपालिकालाइ सम्मुन्त विन्दुमा पुर्याउनु नै हाम्रो उद्देश्य रहेको कुरा अवगत गराउन चाहान्छु ।

अब म हामीले गरेका अपेक्षित उपलब्धिहरुका विषयमा केही प्रगतिका कुराहरु राख्न गइरहेको छु ।

हाम्रो यस गाउँपालिकाको आ व २०७९।०८० मा वस्ती हुँदै वडा मार्फत पेश हुन आएका विभिन क्षेत्रगत आयोजना तथा कार्यक्रमहरु र संघ र प्रदेश सरकारबाट स्वीकृत भएका आयोजनाहरुको बार्षिक बजेट विनियोजनका आधारमा तर्जुमा भएका सबै खाले कार्यक्रम तथा आयोजनाहरु सन्चालन गरिएको छ । यसबाट गाउँपालिकाको आवश्यकतालाइ परिपूर्ति भइ जनाकाँक्षा पुरा भएको छ भन्ने म र गाउँपालिका स्थानीय सरकार पूर्णरुपमा यस गाउँपालिकाले लिएको लक्ष्य पुरा हुने भएकोले मैले र सिंगो गाउँपालिकाको टिमले महशुस गरेको छ । यस चालु आर्थिक वर्षमा भए गरेका आयोजना तथा कार्यक्रमबाट नागरिकको आवश्यकता परिपूर्ति भइ हामीले राखेका सोच लक्ष्य र उद्देश्यको अपेक्षित उपलब्धीहरु हासिल भएको कुरामा म र स्थानीय सरकार विश्वस्थ छ । भावि वर्षहरुमा पनि हाम्रा नयाँ सोच लक्ष्य र उद्देश्य अनुसारको अपेक्षित उपलब्धी तर्फ हाम्रो ध्यान केन्द्रीत हुने छ भन्ने यस सम्मानीत सभामा विश्वास दिलाउन चाहान्छु ।

सभा अध्यक्षज्यू

सभा सदस्यज्यूहरु

यस सम्मानीत सभालाइ थाहा नै छ । हामी एक आर्थिक बर्षमा गरिने विकासका लागि बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिने प्रमुख नीतिहरु तय गरिने गर्दछन् । यो बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विभिन्न आधारहरुलाइ अंगिकार गर्ने गरीन्छ । यी समग्र नीति तथा आधारहरु राज्यका निर्देशक सिद्धान्त, मौलिक हक, सङ्घीयता कार्यान्वयन, गरीवी न्यूनिकरण, आर्थिक तथा वित्तीय आत्मनिर्भरता, दिगो विकास लक्ष्यमा आधारित रहेर यस गाउँपालिकाको विकास र हितका लागि समुदायको मागमा आधारित भई आएका विषय क्षेत्रगत आयोजना तथा कार्यक्रमहरु आवश्यकता महशुस भइ प्राप्त हुन सक्ने उपलब्धीका आधारमा प्रथामिकीकरण गरी क्रमश P1 P2 र P3 को किटान गरी सोही बमोजिम आयोजना तथा कार्यक्रम तर्जुमा गरिएको कुरा यहाँ अवगत गराउन चाहान्छु ।



Scanned with CamScanner

सभाध्यक्ष महोदय

गाउँपालिकाको आगामी बर्षको महत्वपूर्ण नीतिहरु सभाध्यक्षज्यू मार्फत प्रस्तुत भइ पारित भइसकेले सोही नीति भित्र रहेर नीतिगत विषयवस्तु वा कार्यक्रमलाइ प्रस्तुत गर्ने प्रावधान भएको हुँदा अव म विषयको क्षेत्रगतका आधारमा तयार पारिएका विनियोजित गरिएको बजेट तथा क्षेत्रको वारेमा  प्रस्तुत गर्ने अनुमति माग्न चाहान्छु ।

गाउँपालिकामा प्राप्त आ.व. २०८०।०८१ मा संञ्चितकोषबाट विनियोजन हुने रकम

| विवरण | आन्तरिक श्रोत | राजश्व बाँडफाँडबाट प्राप्त रकम | वित्तीय समानीकरण अनुदान | संर्सत अनुदान | विशेष समपुरक अनुदान | वैदेशिक अनुदान र सहलगानी |
|---|---|---|---|---|---|---|
| संघ | | ६३०२८२०० | ६९९००००० | १२४९००००० | १०५००००० | |
| प्रदेश | | | ० | २५९८०००० | ६००००० | |
| अल्या | १३५००००० | ० | ० | ० | ० | |
| जम्मा | १३५००००० | ६३०२८२०० | ६९९००००० | १५०८८०००० | १६५००००० | |

यस गाँउपालिकामा विकासमा साझेदारी गरेका गैरसरकारी संस्थाहरु :

| सि.नं. | गैरसरकारी संस्थाहरु | कार्यक्षेत्र | अनुमानित रकम | गाँउपालिकाको सहाभागित रकम |
|---|---|---|---|---|
| १ | आधार विकास नेपाल हुम्ला | शिक्षा, स्वास्थ्य, महिला तथा वालवालिका | ८१ लाख २६ हजार नौ सय ३० | |
| २ | उकाली | स्वास्थ्य | ७० लाख | |
| ३ | सप्रोस नेपाल | ढुवानी मात्र | | |

[redacted]

प्रेम बहादुर लामा
अध्यक्ष



Scanned with CamScanner

नाम्खा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याल्बाङ, हुम्ला
कर्णाली प्रदेश, नेपाल

जम्मा रकम रु १ करोड [illegible] लाख २६ हजार ९ सय ३० रुपैया गैह सरकारी संस्थाबाट आयोजना सहित बजेट स्वीकृत भइ आएको छ ।

अव संघीय सरकारबाट प्राप्त भएको आयोजना तथा बजेट प्रस्तुत गर्न चाहान्छु

| सि.नं. | आयोजनाको विवरण | ठेगाना | विनियोजित रकम | गाँउपालिकाको सहाभागित रकम |
|---|---|---|---|---|
| १ | कोल्डस्टोर निर्माण | नाम्खा ६ | ५० लाख | |
| २ | फुर्कावु देखि तिल्जुङ सम्म बाटो निर्माण | नाम्खा ६ | ५५ लाख | |

जम्मा रकम रु १ करोड संघिय सरकारबाट आयोजना सहित बजेट स्वीकृत भइ आएको छ ।

यसै गरी म अव प्रदेश सरकारबाट प्राप्त भएको आयोजना तथा बजेट प्रस्तुत गर्न चाहान्छु

| सि.नं. | आयोजनाको विवरण | ठेगाना | विनियोजित रकम | गाँउपालिकाको सहाभागित रकम |
|---|---|---|---|---|
| १ | केर्मी सामुदायिक भवन | नाम्खा २ | २० लाख | |
| २ | लाङदाङ घेरवार निर्माण | नाम्खा १ | २० लाख | |
| ३ | छोइला देखि ताक्पा गारगुरे सम्म घेरवार निर्माण | नाम्खा ३ | २० लाख | |
| ४ | तुम्कोट बगर गाडी जाने काठेपुल निर्माण | नाम्खा ५ | २० लाख | |

नि. प्रमुख प्रशासकीय अधिकृत

[illegible] बहादुर लामा
अध्यक्ष



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | हल्जी स्वास्थ्य चौकी भवन निर्माण | नाम्खा ६ | २० लाख | |
| ६ | क्याम्फु देखि फुफार्का ताल सम्म घो वा निर्माण | नाम्खा ४ | २० लाख | |
| ७ | ५ नं वडा कार्यालय भवन निर्माण | नाम्खा ५ | ५० लाख | |
| ८ | पासर साना सिचाइ | नाम्खा १ | १५ लाख | |
| ९ | चुरे खोला सिचाइ | नाम्खा ५ | २० लाख | |
| १० | लाकाङ गुम्बा खानेपानी | नाम्खा २ | १५ लाख | |
| ११ | छुयुक खानेपानी निर्माण | नाम्खा ३ | १५ लाख | |
| १२ | चुली खामु स्याउ प्रशोधन कार्यक्रम | नाम्खा ४ | १५ लाख | |
| १३ | प्रमुख वालीहरुमा वाली कटानी | | २० हजार | |
| १४ | कृषि प्रसार खाद्य सुरक्षा तथा पोषण सुधार कार्यक्रम | | ३ लाख ५० हजार | |
| १५ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोशेली कार्यक्रम | | ३० हजार | |
| १६ | स्वास्थ्य स्वयम सेविकाहरुलाइ प्रोत्साहन | | ४ लाख | |
| १७ | खगालगाउँ ढल निर्माण | | ६० लाख | विषेश अनुदान |
| | जम्मा | | ३ करोड १८ लाख | |

नि.प्रमुख प्रशासकिय अधिकृत



प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

(ख) क्षेत्रगत नीति तथा आधारहरु संग समेटर आगामी वर्षमा सन्चालन हुने नीतिगत अवधारणाके सेरोफेरोमा रहेर कार्यक्रमहरु देहाय बमोजिम विषय क्षेत्रगत बजेट विनियोजित गरेको छु ।

समितिको कार्यक्षेत्र: (१) सामाजिक विकास समितिको कार्यक्षेत्र तर्फ

| सि न | क्षेत्र | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| क | स्वास्थ्य | ४० लाख | |
| ख | शिक्षा | ३५ लाख | |
| ग | महिला बालवालिका | २५ लाख | |
| | जम्मा | ९० लाख | |

(२) पूर्वाधार विकास समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) सडक तथा यातायात व्यवस्था सम्बन्धी,

| सि न | आयोजनाको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | याङगार बालबिकास भवन निर्माण | ४ | ६०० | |
| २ | चाला गुम्बा सिमेन्ट प्लास्टर | ४ | ६०० | |
| ३ | याल्बाङ सामुदायीक भवन प्लास्टर,भुईसिलिङ तथा सामग्री व्यवस्थापन | ४ | ११०० | |



प्रेम बहादुर लामा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | महाबौद्ध मा.वि सभाहलमा कार्पेट राख्ने | ४ | १५० | |
| ५ | वडा कार्यालय व्यवस्थापन एवम विविध खर्च | ४ | २५० | |
| ६ | वडा कार्यालय विविध खर्च | ३ | ३०० | |
| ७ | गुरुलाकाङ गुम्बा निर्माण | ३ | १००० | |
| ८ | खगालगाँउ सामुदायीक भवन मर्मत | ३ | २०० | |
| ९ | लामा खोल्सी सामुदायीक भवन पछाडी क्यानल बनाउने | ३ | ४०० | |
| १० | मोतिराम आ.वि शौचालय लिपपोत | ३ | ५० | |
| ११ | वडा कार्यालयको झ्याल ग्रिल तथा अन्य संरचना विकास | ३ | २५० | |
| १२ | बालि जोत्ने मेसिन खरिद | ५ | ७०० | |
| १३ | सामुदायीक भवन भान्सा घर निर्माण | ५ | ४५० | |
| १४ | स्वास्थ चौकी व्यवस्थापन | ५ | १०० | |
| १५ | वडा कार्यालय व्यवस्थापन एवम विविध खर्च | ५ | ५०० | |
| १६ | सम्पुङ छहरा घेरबार | १ | ३०० | |
| १७ | गाडापारी गुम्बा मर्मत | १ | ४०० | |
| १८ | ताङगिन सामुदायीक भवन फर्निचर तथा नम्डुकं गुम्बा मर्मत | १ | ७०० | |
| १९ | नाम्खा ख्यूङजोङ प्रा.वि फर्निचर तथा वायरीङ | १ | ६०० | |
| २० | बुद्ध आ.वि हेप्का फर्निचर निर्माण | १ | ३०० | |
| २१ | हेप्का आरन घर निर्माण | १ | ७०० | |
| २२ | तिल सामुदायीक भवन भान्सा घर निर्माण | ६ | १००० | |
| २३ | जाङ तेछेन गुम्बा पदमार्ग | ६ | १००० | |
| २४ | हल्जी स्वास्थ भवन घेरबार | ६ | १३०० | |
| २५ | इन्टरनेट शुल्क | ६ | १०० | |



नि.प्रमुख प्रशासकिय अधिकृत

प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २६ | च्यादुक गुम्बा भान्सा कोठा निर्माण | २ | ६०० | |
| २७ | वडा कार्यालय व्यवस्थापन खर्च | २ | ३०० | |
| २८ | छुका देखि मानिलाकाङ सम्म लिङ रोड निर्माण | २ | ५०० | |
| २९ | छुइकारु देखि छुराजोक्पु सम्म लिङ रोड निर्माण | २ | ८०० | |
| ३० | सामुदायीक भवन व्यवस्थापन | ५ | ४५० | |
| ३१ | विविध खर्च | १ | ४०० | |

(३) आर्थिक विकास समितिको कार्यक्षेत्र देहायबमोजिम हुनेछः

| सि न | आयोजनाको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि, | गाउँपालिका | २५ लाख | |
| २ | भेटेनरी | गाउँपालिका | ३० लाख | |
| ३ | उद्यम विकास | | २० लाख | |
| | जम्मा | | ७५ लाख | |

(४) वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको कार्यक्षेत्र देहायबमोजिम हुनेछः

| सि न | आयोजनाको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन | गाउँपालिका | १० लाख | |
| | जम्मा | | १० लाख | |

(५) सुशासन तथा संस्थागत विकास समितिको कार्यक्षेत्र देहायबमोजिम हुनेछः



नि.प्रमुख प्रशासकिय अधिकृत

प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

| सि न | आयोजनाको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | सुशासन | गाउँपालिका | ३ लाख | |
| | जम्मा | | ३ लाख | |

यसै गरी गाउँपालिकाको प्रथामिकतामा रहेका तलका विभिन्न आयोजनाहरु निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

| सि न | आयोजनाको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | गेट निर्माण | वडा न १ | १५ लाख | |
| २ | मानी छयूकुर | गाउँपालिकास्तरिय | १२ लाख | |
| ३ | धिगा खेल मैदान | वडा न १ | १० लाख | |
| ४ | यांगार विधुत | वडा न ४ | १० लाख | |
| ५ | मुचु गुम्बा | वडा न ५ | १० लाख | |
| ६ | गुम्वा शैचालय | वडा न ४ | ८ लाख | |
| ७ | जांग विधुत मर्मत | वडा न ६ | १० लाख | |
| ८ | गुम्वागाउँ गुम्बा निर्माण | वडा न ३ | १५ लाख | |
| ९ | वडा कार्यालय भवन निर्माण | वडा न १ | १० लाख | |
| | जम्मा | | १ करोड | |

नि.प्रमुख प्रशासकिय अधिकृत

प्रेम बहादुर लामा
अध्यक्ष



Scanned with CamScanner

यसै गरी गाउँपालिकामा नागरिक सेवाप्रवाह गर्नका लागि तलका विभिन्न विषयमा गाउँपालिका स्तरिय आन्तिरक प्रशासनिक कामकाजमा सहज बनाउन विभिन्न विषयमा आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

| सि न | आयोजनाको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | समपुरक कोष | गाउँपालिकास्तरिय | १ करोड | |
| २ | कर्मचारी तलब भत्ता | गाउँपालिकास्तरिय | ४० लाख | |
| ३ | विविध योजना | गाउँपालिकास्तरिय | ५० लाख | |
| ४ | १ देखि ६ वडाको विविध खर्च | सवै वडा | ६ लाख | |
| ५ | सवारी साधन मर्मत | गाउँपालिकाभर | १५ लाख | |
| ६ | सफ्टवयर अध्यावधिक | गाउँपालिका | १० लाख | |
| ७ | सूचना पत्रप्रत्रिका र पुस्तक छपाइ | गाउँपालिका | ५ लाख | |
| ८ | कर्मचारी क्षमता विकास | गाउँपालिका | ५ लाख | |
| ९ | विविध खर्च | गाउँपालिका | ४ लाख | |
| १० | न्याय समिति | गाउँपालिका | १० लाख | |

यसमा जम्मा २ करोड ४५ लाख रकम विनियोजित गरेकोछु ।

यसै गरी १ देखि ६ वडाबाट पारित भइ गाउँपालिकामा पेश हुन आएका वडास्तरिय आयोजना निर्माणका लागि १ करोड ५६ लाख बजेट विनियोजन गरेको छु ।

प्रेम बहादुर लामा
अध्यक्ष

नि.प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

| सि न | वडा नम्बरको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | लापा | ८० लाख | |
| २ | सुस्वा | २ करोड ४३ लाख ४४ हजार | |

गाउँसभाका सदस्यज्यूहरु

यस गाउँपालिको आ व २०८०।०८१ का लागि आजैका दिन केही छिन अघि नाम्खा गाउँपालिका अध्यक्ष ज्यूबाट नीति तथा कार्यक्रम प्रस्तुत भइ सकेको हुँदा उक्त नीति तथा कार्यक्रमको मुल मन्त्रलाइ आत्मसात गर्दै यस गाउँपालिकाको बैठकबाट स्वीकृत भइसकेको सन्दर्भमा अव यसै नीतिको परिधि भित्र रहेर बजेटको बाँडफाँट भइ विनियोजन भएको कुरा प्रस्तुत गरिसकेको छु । अव म यस गाउँपालिकामा प्राप्त भएको बजेटको छोटकरीमा प्रस्तुत गर्ने अनुमति माग्न चाहान्छु ।

यस गाँउपालिकाको चालु शर्षिकमा १९ करोड २४ लाख ८ हजार २ सय र पुंजीगत तर्फ १२ करोड १४ लाख गरी जम्मा बजेट ३१ करोड ३८ लाख २८ हजार २ सय विनियोजन गरिएको छ। यसमा संघीय सरकारबाट रु २६ करोड ८३ लाख २८ हजार २ सय र प्रदेश सरकारवाट ३ करोड १९ लाख ८० हजार प्राप्त हुन आएको छ।

गैह्र सरकारी संस्थाबाट १ करोड ५१ लाख २६ हजार नौ सय ३० यसै गरी वातावरण अनुकुलन कार्यक्रम (लापा) ८० लाख र सुस्वा २ करोड ४३ लाख ४४ हजार गरी जम्मा ३ करोड ९४ लाख ७० हजार ९ सय ३० रुपैया प्राप्त हुन आएको छ।
आ.व.रु १ करोड ३५ लाख बर्ष जिम्मेवारी सारिएको छ।

प्रेम बहादुर लामा
अध्यक्ष



Scanned with CamScanner

यस गाँउपालिकाको समपुरक अनुदानमा संघीय सरकारबाट ५५ लाख विशेष अनुदान ५० लाख र प्रदेश सरकारबाट समपुरक रु ६० लाख प्राप्त हुन आएको छ ।

यस गाउँपालिकामा यस बर्षमा कुल जम्मा बजेट ३१ करोड ३८ लाख ८ हजार २ सय रुपैया विनियोजन गरिएको छ

गाउँपालिकाको आन्तरिक राजश्व प्रक्षेपण गर्दा आगामी बर्षमा रु १० लाख सम्म आन्तरिक राजश्व संकलन हुने अनुमान गरिएको कुरा अवगत गराउन चाहान्छु ।

गाउँपालिका अध्यक्षज्यू, निमित्त प्रमुख प्रशासकिय अधिकृत, वडाध्यक्षज्युहरु कार्यपालिका सदस्यज्यूहरु र विषयगत शाखाका कर्मचारीहरु, गाँउसभाका सदस्यज्यूहरुले दिनु भएको अमुल्य सहयोग साथ र सुझावमा हृदय देखी धन्यवाद दिन चाहान्छु र आगामी वर्षमा पनि यस्तै सहयोग र साथ रहनेछ भन्ने आशा लिएको छु ।

धन्यवाद

प्र.प्रमुख प्रशासकिय अधिकृत

प्रेम बहादुर लामा
अध्यक्ष